आज मिति २०८३/०१/०१ गते मंगलबार दिनको ठिक ०९:०० बजे कचनकवल गाउँपालिकाको सभाहलमा गाउँपालिका अध्यक्ष श्री कालेन्द्र प्रसाद सिंह राजवंशीको अध्यक्षतामा तपसिल बमोजिम गाउँसभा सदस्यहरुको उपस्थितिमा गाउँपालिकाको गाउँसभाको अठारौं अधिवेशनको दोस्रो बैठक बसी पेश भएका विभिन्न प्रस्ताव उपर छलफल गरि देहाय बमोजिम पारित गरियो ।

उपस्थितिः-

सि.नं.	गाउँ सभा सदस्यको नाम	पद	दस्तखत
१.	श्री कालेन्द्र प्रसाद सिंह राजवंशी	अध्यक्ष	
२.	श्री नवराज भट्टराई	सदस्य	
३.	श्री महाबिर लिम्बु	सदस्य	
४.	श्री लेखनाथ खत्री	सदस्य	
५.	श्री ग्यास आजमल मियाँ	सदस्य	
६.	श्री मो. नुरजजमा मियाँ	सदस्य	
७.	श्री मो. नूर आलम	सदस्य	
८.	श्री चिन्तामणी खरेल	सदस्य	
९.	श्री भरत राजवंशी	सदस्य	
१०.	श्री सामबती राजबंशी	सदस्य	
११.	श्री सुनिता दर्जी	सदस्य	
१२.	श्री मनमाया चौहान	सदस्य	
१३.	श्री प्रभा राजबंशी	सदस्य	
१४.	श्री उमाशंखर गणेश	सदस्य	
१५.	श्री तेजलाल राजबंशी	सदस्य	
१६.	श्री सान्जावती राजवंशी	सदस्य	
१७.	श्री उग्र नारायण राजवंशी	सदस्य	
१८.	श्री अन्त प्रसाद राजवंशी	सदस्य	
१९.	श्री अमृता बोगटी (गन्धर्व)	सदस्य	
२०.	श्री धन बहादुर गुरुङ	सदस्य	
२१.	श्री गणेश भण्डारी	सदस्य	
२२.	श्री बिष्णु माया अधिकारी (प्याकुरेल)	सदस्य	
२३.	श्री शोभा सुन्दास	सदस्य	
२४.	श्री सुर्यनारायण राजवंशी	सदस्य	
२५.	श्री मेघलाल राजवंशी	सदस्य	
२६.	श्री मुस्तकिमा मियाँ	सदस्य	

२७.	श्री बिजली दास	सदस्य	
२८.	श्री पहार सिंह गणेश	सदस्य	
२९.	श्री सन्तोष कुमार गणेश	सदस्य	
३०.	श्री मेनकी सरदार	सदस्य	
३१.	श्री कृष्ण प्रसाद गणेश	सदस्य	
३२.	श्री मो. रागिव हुसेन मियाँ	सदस्य	
३३.	श्री वविता काफ्ले	सदस्य	
३४.	श्री गुलाफी माझी	सदस्य	
३५.	श्री लालबाबु मियाँ	सदस्य	
३६.	श्री टेनेस राजवंशी	सदस्य	
३७.	श्री सुनिता विश्वकर्मा	सदस्य	
३८.	श्री फागुलाल राजवंशी	सदस्य	
३९.	श्री शेर बाहादुर लिम्बू	सदस्य	
	श्री स्काई पे खेल	सचिव	

	आमन्त्रित अन्य :-		
१.	श्री रामबहादुर बुढाथोकी	सचिवालय सदस्य	
२.	श्री केशव मैनाली	सचिवालय सदस्य	
३.	श्री भूमि प्रसाद निरौला	सचिवालय सदस्य	
~~४.~~	पत्रकार		
५	रत्नबहादुर बढाथोकी	पत्रकार	
६.			
७.	प्रभाकर आचार्य	का.लो.प	
८.	कमल घिमिरे		
९.	अनिल कु. गणेश	गाउँ ऋषि ह.	
१०.	हेमन्त राजवंशी	गाउँ पुहरी	
११.	सि.क.अ. शंकर नेपाल	सि.क.अ.	
१२.	गौरव पोखरेल	ले.अ.	
१३.			
१४.			
१५.			
१६.			
१७.			
१८.			

गाउँपालिका अध्यक्ष ज्युको सभाको कार्य सूची (सम्भावित)
गाउँसभाको अठारौं अधिवेशनको पहिलो बैठक कार्यक्रम

1. राष्ट्रिय गान

उपस्थित सम्पुर्ण गाउँसभा सदस्य ज्यूहरु, कोशी प्रदेशको गाउँ तथा नगर सभा संचालन कार्यविधि ऐन, २०७५ को दफा ४ बमोजिम आज मिति २०८२ चैत्र ३० गते सोमबार यस गाउँपालिकाको अठारौं अधिवेशनको पहिलो बैठक प्रारम्भ गर्दछु ।

यस गाउँसभाको बैठकमा उपस्थित सदस्यहरु :-

कोशी प्रदेशको "गाउँ / नगर सभा संचलान कार्यविधि ऐन, २०७५" को दफा ३ बमोजिम यस कचनकवल गाउँपालिकाको गाउँसभाको १८ अधिवेशन आजबाट प्रारम्भ भएको जानकारी गराउँदछु र सबै सदस्यहरुलाई हार्दिक स्वागत गर्दछु । यो अधिवेशन हिउँदे अधिवेशन भएको र विशेषगरि यस अधिवशेनलाई कानुन तर्जुमा एवं निर्माण अधिवेशनको रुपमा लिइन गरिन्छ । बर्खे अधिवशेनबाट स्वीकृत बजेटको अर्धवार्षिक समिक्षा, योजना संसोधन, विभिन्न ऐन, कानुन तथा कार्यविधि निर्माण लगायत कार्यमा यस अधिवेशनले अधिकांश समय उपयोग गर्नुपर्नेछ साथै कार्यपालिका बैठकका निर्णयहरुको अनुमोदन, लगायत अन्य विविध एवं सार्वजनिक महत्वका विभिन्न विषय वस्तुमा सभाले छलफल गरि उपयुक्त निस्कर्षहरु निकाल्नेछ ।

सभाका सदस्यहरु, गाउँसभाको आजको बैठकको कार्यसूची अनुसार बैठक अगाडी बढ्नेछ । आजको बैठकका कार्यसूची देहाय अनुसार रहेका छन ।

१. अध्यक्षले गाउँसभाको अठारौं अधिवशेन आव्हान गरेको पत्रको व्यहोरा सभामा बाचन गरे जानकारी गराउने ।
२. अधिवेशन सफलताको शुभकामना मन्तव्य
३. योजना संसोधन / रकमान्तर सम्बन्धि प्रस्ताव पेश
४. बजटेको अर्धवार्षिक समिक्षा पेश
५. कार्यपालिका बैठकका निर्णयहरु अनुमोदनका लागि पेश गर्ने
६. न्यायिक समितिको समिक्षा सम्बन्धमा
७. विविध सम्बन्धमा

कार्यसूचीको क्रम संख्या नं. १

सभाका सदस्यहरु,।

अब आजको बैठकको कार्यसूचीको पहिलो नम्बरमा रहेको कचनकवल गाउँपालिकाका अध्यक्षले गाउँसभाको १८ औं अधिवेशन आव्हान गरेको पत्रको व्यहोरा सभामा सदस्यहरुको जानकारीको लागि पेश गर्दछु ।

(पत्र बाचन गर्ने)

<u>अर्थ तथा सार्वजनिक लेखा समितिबाट बेरुजु फछर्यौटका लागी दफावार छलफल भई अठारौं गाउँ सभामा पेश भएको बेरुजु</u>

प्रस्ताव नं.-१ : आ. व. ०७७/७८ को नियमित गर्नुपर्ने बेरुजु सम्बन्धमा।

निर्णय नं.-१ : महालेखा परीक्षकको आ. व. ०७७/७८ मा अनियमित भनी उल्लेख भएको देहाय बमोजिमको नियमित गर्नुपर्ने बेरुजुलाई अर्थ तथा सार्वजनिक लेखा समितिको सिफारिसको आधारमा गाउँ सभाले उक्त समितिको सिफारिसलाई **सभामा समेत दफावार रुपमा छलफल गरी** अध्ययन अवगत भए बमोजिम सामान्य सरकारी प्रक्रिया पुरा नभएको, सामान्य कानुनी प्रावधान पालना हुन नसकेको साथै तत्सम्बन्धमा नेपाल सरकार/प्रदेश सरकार/स्थानीय सरकारलाई समेत कुनै हानी नोक्सानी पुर्याएको नदेखिएको एवम् **आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गर्ने र यस प्रकारको बेरुजु नदोहोरिने प्रतिवद्धता समेत रहेको** हुँदा उक्त अनियमित बेरुजुलाई गाउँ सभाले नियमित गरी बेरुजु फर्छ्यौट गर्ने निर्णय गरियो र उक्त फछर्यौट भएको बेरुजुलाई महालेखा परीक्षकको कार्यालयको बेरुजु लगत अभिलेखबाट कट्टा समेत गरी उक्त बेरुजुहरु हटाई/घटाई महालेखा परीक्षकको कार्यालयलाई सम्परीक्षण गरिदिनु हुन समेत अनुरोध गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

सि. नं.	दफा नं.	नियमित गर्नुपर्ने बेरुजु रकम
१	१९.२	८९२४०७५।००
२	३०	२१८३१४८।००
३	४९	७६२०।००
४	५५	३१७६६४३।००
		१४२९१४८६।००

कचनकवल गाउँपालिका
Kachankawal Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
(Office of the Rural Municipal Executive)
बनियानी, झापा
Baniyani, Jhapa

अर्थ तथा सार्वजनिक लेखा समितिको बैठक

आ. व. : ०८२/८३

मिति :२०८२/१२/२ गते ।

बैठक संख्या : १

समय : बिहानको ८:०० बजे ।

कचनकवल गाउंपालिकाको अर्थ तथा सार्वजनिक लेखा समितिका अध्यक्ष श्री सन्तोष गणेश ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा बैठक बसी निम्न निर्णयहरु गरियो ।

श्री सन्तोष गणेश	संयोजक	
श्री शोभा सुन्दास	सदस्य	
श्री गणेश भण्डारी	सदस्य	
श्री स्काई पोखेल	प्रमुख प्रशासकीय अधिकृत (आमन्त्रित सदस्य)	
श्री रामबहादुर बुढाथोकी	लेखा अधिकृत (आमन्त्रित सदस्य)	
श्री प्रभाकर आचार्य	लेखापरीक्षण अधिकृत (छैटौं) (आमन्त्रित सदस्य)	

निर्णय

कचनकवल गाउँपालिकाको आ. व. ०७७/७८ को अन्तिम लेखापरीक्षणका क्रममा महालेखापरीक्षकको कार्यालयबाट जारी लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित तपसिलका नियमित गर्नुपर्ने बेरुजुहरु नियमित गरी फछर्यौट गर्नका लागी कचनकवल गाउँपालिका, गाउँसभामा पेश गर्न सिफारिस गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.-१ : **दफा-११.२ -** स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) बमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बँचि लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकाले माथि उल्लेखित पदबाहेकको इन्जिनियर १, सब इन्जिनियर २, असिस्टेन्ट सब इन्जिनियर १, कम्प्युटर टेक्निसियन १, सहायक कम्प्युटर अपरेटर १, अमिन १, प्रशासन सहायक ५, सहायक चौथो १, डि. फार्मासीस्ट १, डा.ई.क. १, अ.न.मी. ६, अ.हे.ब. ३, ल्याब असिस्टेन्ट ४ गरी जम्मा २८ जना कर्मचारी करारमा नियुक्ति गरी वर्ष भरीमा निजहरुको तलब भत्ता बापत रु. ७६८८४६०/- भुक्तानी गरेको छ। त्यस अतिरिक्त पालिकाले सहायक कम्प्युटर अपरेटर, प्राविधिक सहायक लगायतका कर्मचारीहरु समेत दैनिक ज्यालादारीमा नियुक्त गरी वर्षभरीमा रु. १२३५६१५/- तलब भत्ता खर्च लेखेको छ। यसरी करार तथा ज्यालादारीमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रु. ८९,२४,०७५।०० सम्बन्धमा।

निर्णय नं.-१ : हाल स्थायी पदपूर्तिका लागी लोकसेवा आयोगमा लेखी पठाएको केही पदहरुको स्थायी पदपुर्ति समेत भएको, केही पदहरुमा सरुवा सहमति दिई सरुवा मार्फत पदपुर्ति गरेको तर हालसम्म पनी कानूनले वर्जित गरेका पदहरुमा सेवा करारमा पदपुर्ति नगरिएको अवस्था रहेकोमा साविकका स्वास्थ्य मन्त्रालयबाट स्वीकृत प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुमा स्थानीय आवश्यक्ता हेरी कार्यालय सहयोगी, गार्ड र ल्याब असिस्टेन्ट राख्न सकिने प्रावधान बमोजिम नै राखिएको अवस्था रहेको छ (दैनिक बिरामीको प्रवाह ३००-४०० ओपिडिबाट सेवा दिनु परेको अवस्थामा कार्यबोझ व्यवस्थापन हुन नसक्ने अवस्था छ), अमिन पदको विषयमा भुमी सम्बन्धी नापजाँच, फिल्ड रेखाङ्कन आदि काम गर्न आवश्यक नै पर्ने र यो पदहरु संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) मा राखिएको र स्वीकृत भएकाले तत्कालको परिस्थितिजन्य विषयलाई मध्यनजर गर्दै उक्त पद स्थायी पदपुर्ति नहुन्जेलसम्मका लागी मात्र मान्य हुने हुँदा साथै स्थायी कर्मचारीलाई भन्दा गाउँपलिकालाई करारबाट सेवा प्रवाह गर्दा मौद्रिक दृष्टिकोणले फाइदाजनक देखिएकाले उक्त खर्चले सरकारी हानी नोक्सानी समेत नभएको साथै **आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गरिने व्यहोरा अनुरोध गर्दै यस प्रकारको बेरुजु नदोहोरिने प्रतिवद्धता** सहित उक्त बेरुजु नियमित गर्न र फछ्र्यौटका लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो।

प्रस्ताव नं.-२ : **दफा-३० -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकमको खर्च लेख्नु अघि रीत पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। गाउँपालिकाले लक्ष्मी मा.वि., पथरीया मा.वि. र घेरावारी १ मा समेत क्वारेन्टिन संचालन गरी क्वारेन्टिनहरुमा रहेन व्यक्तिहरुको खाना खाजाको व्यवस्था रमेश क्याटरिङ्ग मार्फत गराई रु. २१८३१४८।०० भुक्तानी गरेको छ। उक्त क्याटरिङले रकम माग गर्दा पेश गरिएको विवरणमा क्वारेन्टिनहरुमा रहेका व्यक्तिहरुलाई खाना खाजा खुवाई बिल पेश गरेकोमा कार्यालयले क्वारेन्टिनमा प्रवेश गरेका व्यक्तिको अभिलेख तयार गरेको भएतापनि क्वारेन्टिनबाट बाहिरिएको विवरण अभिलेख तयार नगरेकोले खाना खाजामा भएको अवधि र रकम भुक्तानी यकिन गर्न सकिएन। सम्झौता अनुसारको रकम भुक्तानी गर्नु अघि खर्च पुष्टि हुने आवश्यक प्रमाण समावेश नगरी भुक्तानी दिएको अनियमित रु. २१८३१४८।०० सम्बन्धमा।

निर्णय नं.-२ : गाउँपालिकाले लक्ष्मी मा.वि., पथरीया मा.वि. र घेरावारी १ मा समेत क्वारेन्टिन संचालन गरिएको र उक्त समयमा जनशक्ति अभावका बावजुद पनी उक्त सेवा प्रदान गरिएको यसमा क्वारेन्टिनमा प्रवेश गरेको देखिएतापनि बाहिर गएको मिति र समय यकिन नभएको भन्ने व्यहोरा देखिएकोमा उक्त समयमा अति कडा बन्दाबन्दी (लकडाउन) भएकाले १४ दिन क्वारेन्टीनमा बस्नुपर्ने अनिवार्य प्रावधान बमोजिम अभिलेख तयार गरिएको र क्वरेन्टीनबाट निस्कने क्रममा हतार गरी र कतिपयले अभिलेख नबुझाइ निस्केकाले स्पष्ट रुपमा भए पनि यकिन तथ्याङ्क नदेखिएकाले लेखापरीक्षणको क्रममा उक्त अभिलेख देखाउन नसकिएको एवम भुक्तानीका क्रममा सामान्य प्रक्रिया नमिलेका, पुर्याउनु पर्ने रित र प्रक्रिया नपुगेको तथा सरकारी हानी नोक्सानी समेत नभएको साथै **आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गरिने व्यहोरा अनुरोध गर्दै यस प्रकारको बेरुजु नदोहोरिने प्रतिवद्धता** सहित उक्त बेरुजु नियमित गर्न र फछ्र्यौटका लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो।

प्रस्ताव नं.-३ : **दफा-४९** - पालिकाले सेवा महशुल भुक्तानी गर्दा शुल्क/जरिवाना नलाग्ने गरि समयमा भुक्तानी गरी छुट सुविधा लिनुपर्दछ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले स्वास्थ्य चौकी बनियानीको विद्युत महशुल समयमा भुक्तानी नगरी रु.७६२०/- थप जारीवाना भुक्तानी गरेको पाइयो । पालिकाले सेवा महशुल समयमा भुक्तानी नगर्दा कार्यालयलाई अनावश्यक व्ययभार पर्न गएको रु. ७६२०।०० सम्बन्धमा।

निर्णय नं.-३ : स्वास्थ्य चौकी बनियानीको विद्युत महसुल भुक्तानी गर्न उक्त शिर्षकमा बजेट अभाव भई भुक्तानी गर्न नसकिएको तर पछी बजेट संशोधन भई प्राप्त भएपछी भुक्तानी भएको एवम् थप जरिवाना वापतको रकम समेत भुक्तानी भएकोले भुक्तानीको क्रममा केही व्यवहारिक त्रुटी मात्र हुन पुगेकोमा आ. व. २०८१/८२ बाट नै उक्त विषयलाई भुक्तानीको क्रममा जरिवाना र हर्जना बापतको रकम भुक्तानी नगरिएकाले यस किसिमका प्रकृयागत त्रुटीलाई **अब उपरान्त नदोहोर्याउन प्रतिबद्ध रहने व्यहोरा दर्शाउँदै आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गरिने व्यहोरा अनुरोध** सहित उक्त बेरुजु नियमित गर्न र फछ्र्योटका लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो।

प्रस्ताव नं.-४ : **दफा-५५** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२ क मा सार्वजनिक निकायले निर्माण कार्यको खरिदमा बैंक जमानत लिई २० प्रतिशत मोबिलाइजेसन पेश्की दिन मिल्ने र पहिलो पटक स्वीकृत पेश्की रकमको ५० प्रतिशत पेश्की दिई कार्य प्रगति अनुसार थप ५० प्रतिशत पेश्की दिन मिल्दछ। गाउँपालिकाले स्वीकृत पेश्कीको ५० प्रतिशत रकम भन्दा बढी रु ३१७६६४३।०० पेश्की दिएको नियमसम्मत नदेखिएको रु. ३१७६६४३।०० सम्बन्धमा।

निर्णय नं.-४ : नेपाल पुर्वाधार कन्स्ट्रक्सन एण्ड सप्लायर्स, लक्ष्मीमाता पि. एण्ड जी. जेभी र सुनतारा शाह इन्जिनियरिङ्ग जेभीलाई मोबिलाईजेशन पेश्की उपलब्ध गराईएको भएतापनी निजहरुको पेश्की फछ्र्योट भई भवन निर्माण तथा स्तम्भ र झिल निर्माणको कार्य समेत सम्पन्न भईसकेको साथै **आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गरिने व्यहोरा अनुरोध गर्दै यस प्रकारको बेरुजु नदोहोरिने प्रतिबद्धता** सहित उक्त बेरुजु नियमित गर्न र फछ्र्योटका लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो।

अर्थ तथा सार्वजनिक लेखा समितिबाट बेरुजु फछ्र्यौटका लागी दफावार छलफल भई अठारौँ गाउँ सभामा पेश भएको बेरुजु

प्रस्ताव नं.-२ : आ. ब. ०७८/७९ को नियमित गर्नुपर्ने बेरुजु सम्बन्धमा ।

निर्णय नं.-२ : महालेखा परीक्षकको आ. व. ०७८/७९ मा अनियमित भनी उल्लेख भएको देहाय बमोजिमको नियमित गर्नुपर्ने बेरुजुलाई अर्थ तथा सार्वजनिक लेखा समितिको सिफारिसको आधारमा गाउँ सभाले उक्त समितिको सिफारिसलाई **सभामा समेत दफावार रुपमा छलफल** गरी अध्ययन अवगत भए बमोजिम सामान्य सरकारी प्रक्रिया पुरा नभएको, सामान्य कानुनी प्रावधान पालना हुन नसकेको साथै तत्सम्बन्धमा नेपाल सरकार/प्रदेश सरकार/स्थानीय सरकारलाई समेत कुनै हानी नोक्सानी पुर्याएको नदेखिएको एवम् **आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गर्ने र यस प्रकारको बेरुजु नदोहोरिने प्रतिवद्धता समेत रहेको** हुँदा उक्त अनियमित बेरुजुलाई गाउँ सभाले नियमित गरी बेरुजु फर्छयौट गर्ने निर्णय गरियो र उक्त फछ्र्यौट भएको बेरुजुलाई महालेखा परीक्षकको कार्यालयको बेरुजु लगत अभिलेखबाट कट्टा समेत गरी उक्त बेरुजुहरु हटाई/घटाई महालेखा परीक्षकको कार्यालयलाई सम्परीक्षण गरिदिनु हुन समेत अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल

सि. नं.	दफा नं.	नियमित गर्नुपर्ने बेरुजु रकम
१	६.२	३८४५३४६।८०
२	४१	१४८५३७२।००
३	६७	२१११९६०।९५
४	७२	४६८४४३०।००
५	७४	२०५०६०२।००
६	७५	२९८३७।००
		१४२०७४४७/९५

कचनकवल गाउँपालिका

Kachankawal Rural Municipality

गाउँ कार्यपालिकाको कार्यालय

(Office of the Rural Municipal Executive)

बनियानी, झापा

Baniyani, Jhapa

अर्थ तथा सार्वजनिक लेखा समितिको बैठक

आ. व. : ०८२/८३

मिति :२०८२/१२/४ गते।

बैठक संख्या : २

समय : बिहानको ८:०० बजे।

कचनकवल गाउंपालिकाको अर्थ तथा सार्वजनिक लेखा समितिका अध्यक्ष श्री सन्तोष गणेश ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा बैठक बसी निम्न निर्णयहरु गरियो।

श्री सन्तोष गणेश	संयोजक	
श्री शोभा सुन्दास	सदस्य	
श्री गणेश भण्डारी	सदस्य	
श्री स्काई पोखेल	प्रमुख प्रशासकीय अधिकृत (आमन्त्रित सदस्य)	
श्री रामबहादुर बुढाथोकी	लेखा अधिकृत (आमन्त्रित सदस्य)	
श्री प्रभाकर आचार्य	लेखापरीक्षण अधिकृत (छेटी) (आमन्त्रित सदस्य)	

निर्णय

कचनकवल गाउँपालिकाको आ. व. ०७८/७९ को अन्तिम लेखापरीक्षणका क्रममा महालेखापरीक्षकको कार्यालयबाट जारी लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित तपसिलका नियमित गर्नुपर्ने बेरुजुहरु नियमित गरी फछ्यौंट गर्नका लागी कचनकवल गाउँपालिका, गाउँसभामा पेश गर्न सिफारिस गर्ने निर्णय गरियो।

प्रस्ताव नं.-१ : **दफा-६.२** - कर्मचारी करार – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन पारित गरी सोही बमोजिम कम्प्युटर अपरेटर, हलुका सवारी चालक, कार्यालय सहयोगी जस्ता पदहरुमात्र करार सेवामा व्यवस्थापन गरेको छ। गाउँपालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखि रु ४,५३,८४,३४८ खर्च लेखेको छ। सोही ऐनको २०७४ को दफा ८३ (८) बमोजिम पालिकाले नगरप्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे र सरसफाई सम्बन्धि पदमा मात्र करारबाट सेवा लिन सकिने र सो बाहेक अन्य पद तथा सेवामा करारबाट पदपूर्ति गर्न नसकिने व्यवस्था गरेको छ। स्थानीय तहले माथि उल्लेखित पद बाहेक विभिन्न पदमा ११ जना नियुक्ति गरी वर्ष रु ३८४५३४६ खर्च लेखेकोले नियमसम्मत नदेखिएको रु. ३८४५३४६।०० सम्बन्धमा।

निर्णय नं.-१ : हाल स्थायी पदपूर्तिका लागी लोकसेवा आयोगमा लेखी पठाएको केही पदहरुको स्थायी पदपुर्ति समेत भएको, केही पदहरूमा सरुवा सहमति दिई सरुवा मार्फत पदपुर्ति गरेको तर हालसम्म पनी कानूनले बर्जित गरेका पदहरूमा सेवा करारमा पदपुर्ति नगरिएको अवस्था रहेकोमा साविकका स्वास्थ्य मन्त्रालयबाट स्वीकृत प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुमा स्थानीय आवश्यका हेरी कार्यालय सहयोगी, गार्ड र ल्याब असिस्टेन्ट राख्न सकिने प्रावधान बमोजिम नै राखिएको अवस्था रहेको छ (दैनिक बिरामीको प्रवाह ३००-४०० ओपिडिबाट सेवा दिनु परेको अवस्थामा कार्यबोझ व्यवस्थापन हुन नसक्ने अवस्था छ), अमिन पदको विषयमा भुमी सम्बन्धी नापजाँच, फिल्ड रेखाङ्कन आदि काम गर्न आवश्यक नै पर्ने र यो पदहरु संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) मा राखिएको र स्वीकृत भएकाले तत्कालको परिस्थितिजन्य विषयलाई मध्यनजर गर्दै उक्त पद स्थायी पदपुर्ति नहुञ्जेलसम्मका लागी मात्र मान्य हुने हुँदा साथै स्थायी कर्मचारीलाई भन्दा गाउँपालिकालाई करारबाट सेवा प्रवाह गर्दा मौद्रिक दृष्टिकोणले फाइदाजनक देखिएकाले उक्त खर्चले सरकारी हानी नोक्सानी समेत नभएको साथै **आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गरिने व्यहोरा अनुरोध गर्दै यस प्रकारको बेरुजु नदोहोरिने प्रतिवद्धता** सहित उक्त बेरुजु नियमित गर्न र फछर्यौटका लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो।

प्रस्ताव नं.-२ : **दफा-४१** - संघीय सरकारबाट प्राप्त बजेट खर्च गर्दा तोकिएको नर्म्स बमोजिम गर्नुपर्ने व्यवस्था छ। पालिकाले संघीय सरकारबाट प्राप्त बजेट मध्ये तपसिलको भौचर नं र मितिबाट तोकिएको शिर्षक बाहेकमा रकम खर्च लेखेको पाईयो। कार्यक्रम कार्यान्वयन पुस्तिका लगायतको तोकिएको नर्म्समा तोकिएको कृयाकलाप/शिर्षक फरक गरी भुक्तानी दिएको रकम अनियमित देखिएको रु. १४८५३७२।०० सम्बन्धमा।

भौ.नं. र मिति	खर्च लेखेको कृयाकलाप	बापत	रकम
२१६।३।११	दिवा खाजा	शिक्षा तर्फको तलब भत्ता निकासा	१४८५३७२

निर्णय नं.-२ : समयमा नै थप बजेट माँग गरिसकिएको भएतापनी निकासा प्राप्त हुन नसकेको र मानव श्रोत विकाश केन्द्र (CEHRD) मा सो विषयमा सम्पर्क गर्दा हाल शसर्त हस्तान्तरणको शिक्षाकै कुनै शिर्षकबाट व्यवस्थापन गर्नु भनी मौखिक जवाफ र केही पछी सोही व्यहोराको पत्राचार समेत गरेको अवस्था आषाढको समयमा कर्मचारीहरुको तलब, भत्ता अनिवार्य दायित्व भएकोले सोही बमोजिम खर्च गरिएको हुंदा सरकारी हानी नोक्सानी नभएको, अनिवार्य दायित्वजन्य विषय भएकाले लक्षित शिक्षकभन्दा बाहिर तलब भुक्तानी नभएकाले साथै **आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गरिने व्यहोरा अनुरोध गर्दै यस प्रकारको बेरुजु नदोहोरिने प्रतिवद्धता** सहित उक्त बेरुजु नियमित गर्न र फछर्यौटका लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो।

प्रस्ताव नं.-३ : **दफा-६७** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले खरिदको सम्झौता अनुसार बिल विजकको भुक्तानी गर्दा प्राविधिकको वास्तविक कार्यसम्पन्न नापजाँच प्रतिवेदन संलग्न राखी भुक्तानी दिनुपर्ने व्यवस्था छ। सन्थालबस्ती भवन निर्माण कचनकवल-५ को लागत अनुमान रु. ३५३६६७५.८७ रहेकोमा अच्युत कन्स्ट्रक्सन एण्ड सप्लायर्सले रु. २४८१६७१.११ मा कार्य गर्ने गरी सम्झौता गरेकोमा निम्नानुसार पाइयो।

(क) सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार निर्माण व्यवसायीले निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एजविल्ट नक्सा पेश गर्नु पर्ने, निर्माण कार्यको त्रुटी सच्चाउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटी देखिएमा यकिन गरी दावी गर्दा कार्यालयले प्रत्येक महिनाको कार्य प्रगति देखिने गरी अभिलेख तयार गरी प्रमाणित गरेर राख्नु पर्ने र त्रुटी सच्चाउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्थाछ।

सो व्यवस्था बमोजिम कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्नेमा तयार गरेको छैन। अतः कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्दछ।

(ख) बनेका छ वटा भवनहरु हस्तान्तरण गरेको छैन।

(ग) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा भेरियसन सम्बन्धी व्यवस्था रहेको छ। सो व्यवस्थाको पालना नगरी लागत अनुमानको तुलनामा १४.१ प्रतिशत कम कार्य गर्दा समेत भेरिएसन स्वीकृत नगरेको रु. २१११९६०।९५ सम्बन्धमा।

निर्णय नं.-३ : संशोधित मलेप फाराम नं.-५१० नै कार्य सम्पन्न प्रतिवेदन/कार्य स्वीकार प्रतिवेदनको रुपमा रहेको साथै निर्माण भएका भवनहरु समेत हाल उपयोगमा आईसकेको र लक्षित समुदायलाई मौखिक रुपमा हस्तान्तरणको कार्य गरेको साथै उक्त संस्थाहरुले उक्त सम्पत्तिलाई संस्थाकै सम्पतिको रुपमा राखेकाले उक्त कार्यको औचित्य पुरा भएको, त्रुटी सच्याउने अवधिसम्म उक्त संरचनामा कुनै त्रुटी नदेखिएको र त्रुटीको उजुरी समेत नपरेको भएकाले सेवा प्रवाहको कार्य समेत भईरहेकोले सरकारी हानी नोक्सानी नभएको साथै **आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गरिने व्यहोरा अनुरोध गर्दै यस प्रकारको बेरुजु नदोहोरिने प्रतिबद्धता** सहित उक्त बेरुजु नियमित गर्न र फछ्यौंटका लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो।

प्रस्ताव नं.-४ : **दफा-७२ -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ को उपनियम २ मा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धीत खर्च शिर्षकमा परेको र खर्च गर्न बाँकी छ भने मात्र खर्च गर्न सकिने व्यवस्था छ। पालिकाले देहायबमोजिम शिर्षक फरक पारी भुक्तानी गरेको रकम नियमित गर्नुपर्ने रु. ४६८४४३०।०० सम्बन्धमा।

भौ.नं. र मिति	खर्च लेखेको क्रियाकलाप	बापत	रकम
६१५।३।२१	वातावरणमैत्री विपन्न परिवार भान्सा सुधार कार्यक्रम	वडा भित्रका सडक मर्मत वडा २	४६८८००
६१४।३।२१	वातावरणमैत्री विपन्न परिवार भान्सा सुधार कार्यक्रम	वडा भित्रका सडक मर्मत वडा २	४७१६१०
६२५।३।२२	वातावरणमैत्री विपन्न परिवार भान्सा सुधार कार्यक्रम	खुशु भिङ्ग चोरेगरी खोलामा बसि पुल निर्माण	३८८००
६२४।३।२२	वातावरणमैत्री विपन्न परिवार भान्सा सुधार कार्यक्रम	बाटो मर्मत वडा नं १	४१३६००
६२३।३।२२	वातावरणमैत्री विपन्न परिवार भान्सा सुधार कार्यक्रम	कन्चनकवल नापा वडा नं ३ मर्मत	४६०५००
६२०।३।२२	वातावरणमैत्री विपन्न परिवार भान्सा सुधार कार्यक्रम	भुलेश्वर महादेव मन्दिर मर्मत	९४७००
६३४।३।२३	वातावरणमैत्री विपन्न परिवार भान्सा सुधार कार्यक्रम	फेराबारी बिभिन्न बाटो सडक मर्मत	३७७०००
६३२।३।२३	वातावरणमैत्री विपन्न परिवार भान्सा सुधार कार्यक्रम	बालुवा खोला पंखा मर्मत	१४७८००
६३१।३।२३	वातावरणमैत्री विपन्न परिवार भान्सा सुधार कार्यक्रम	खयरबारीबाट दक्षिण तर्फ मुलबाटो हुँदै नयाँ टोल सम्म विद्युत लाइन विस्तार	१४५५००
६३०।३।२३	वातावरणमैत्री विपन्न परिवार भान्सा सुधार कार्यक्रम	बिभिन्न बाटो मर्मत वडा नं ५	४६४०००
६३६।३।२२	वातावरणमैत्री विपन्न परिवार भान्सा सुधार कार्यक्रम	बाटो मर्मत वडा नं ४	४६६०००
६३८।३।२४	वातावरणमैत्री विपन्न परिवार भान्सा सुधार कार्यक्रम	बाटो मर्मत वडा नं ६	४७४३००
६४४।३।२४	वातावरणमैत्री विपन्न परिवार भान्सा सुधार कार्यक्रम	बाटो मर्मत वडा नं ५	५१७०००
६२६।३।२२	वडा कार्यालयका भवन रंगरोगन	बिभिन्न सडक मर्मत वडा नं ६	१४४८२०
	जम्मा		४६८४४३०

निर्णय नं.-४ : हिउँदे सभाबाट बजेट संशोधन भएको भएतापनी SuTRA Software मा Entry गर्न छुट भएको साथै वडाका बिभिन्न सडकहरु मर्मत नहुँदा विद्यालय जाने विद्यार्थी समेतलाई असहज भएको एवम् बिरामीको उपचारका लागी एम्बुलेन्स प्रयोग गर्न समेत सडक बिग्रिएकोले आवागमन गर्न असहज भएको हुँदा उक्त सडकहरु मर्मत गर्न अति नै आवश्यक देखिएकोले उक्त शिर्षकबाट खर्च गरिएको हो, यो नियतबश भन्दा पनि **मर्मतसम्भार कोष** भन्ने शिर्षक रहनुपर्नेमा पछि वर्षाको समयमा मर्मतको अत्यावश्यक परेको र शिर्षकगत त्रुटी मात्र देखिएकाले साथै अब उप्रान्त असम्बन्धित शिर्षकबाट खर्च नगर्ने त्यसको सट्टामा बजेट नै समयमा संशोधन हुने परिपाटीलाई सुरुवात गर्ने प्रतिबद्धता व्यक्त गर्दै भविष्यमा शिर्षकगत र प्रकृयागत त्रुटी सच्याउँदै लाने व्यहोरा व्यक्त गर्दै सरकारी हानी नोक्सानी नभएको साथै **आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गरिने व्यहोरा अनुरोध गर्दै यस प्रकारको बेरुजु नदोहोरिने प्रतिबद्धता** सहित उक्त बेरुजु नियमित गर्न र फछ्यौंटका लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो।

प्रस्ताव नं.-५ : दफा-७४ - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गर्नुपर्ने व्यवस्था गरेको छ। देहायको भौचरहरुमा पुँजीगत शिर्षकबाट चालु प्रकृतिको खर्च गरेकोले नियमित गर्नुपर्ने रु. २०५०६०२।०० सम्बन्धमा।

गोभौन	योजनाको नाम	विवरण	भुक्तानी लिने	रकम
१०६	खेलकुद सञ्चालन	चालु प्रकृतिको कार्यक्रम पूजीगतमा खर्च गरेको	उपेन्द्र कुमार शाह	१५०००
१२९	बिमा अति विपन्न परिवार तथा गाइने परिवार	विपन्न परिवारको बिमा	नवबाद अहमद नुरी	१३१६००
२२५	गुरुकुल तथा मदरसा शिक्षक व्यवस्थापन	धार्मिक प्रकृतिका विद्यालयहरुको गुरु मौल्वीहरुको तलब	सम्वन्धित विद्यालयहरु	१२००००
२९५	महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन	स्वयंसेविकाको सम्मानजनक सुविधा	जगेश्वर प्रसाद यादव	२१००००
२८१	संगठन तथा व्यवस्थापन सर्वेक्षण	उक्त काम गरेको	गभर्नेन्स डेभलपमेन्ट एण्ड रिसर्च कन्सल्टेन्सी प्रालि	३११९४४
३०४	निशुल्क AI कार्यक्रम संचालन तथा अन्य कार्यक्रम	AI को काम गरेको	हेमराज पौडेल मनिन्द्र यादव	४११०००
४६८	बाल आधारभूत विद्यालय शिक्षण व्यवस्थापन	तलब वितरण	श्री बाल प्राथमिक विद्यालय	७००००
४६४	गन्धर्व तथा विपन्न स्वास्थ्य बिमा कार्यक्रम	बिमा गरेको	थिरमाया भट्टराई	३१९५००
४६३	समसुल उलुम मदरशा व्यवस्थापन साविक पाठामारी	निजि शिक्षक तलब	मदरसा समसुल उलुम	७५०००
५३७	संगठन तथा व्यवस्थापन सर्वेक्षण	कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेको	गभर्नेन्स डेभलपमेन्ट एण्ड रिसर्च कन्सल्टेन्सी प्रालि	२९९३५८
			जम्मा	२०५०६०२

निर्णय नं.-५ : पुँजीगत प्रकृतिलाई सहयोगी किसिमको अनुसन्धान र विकास, बौद्धिक सम्पती, मनोरञ्जन, साहित्यिक र कलात्मक क्षेत्र रहेको हुंदा उपरोक्त खर्च सोही बमोजिम खर्च गरिएको साथै उक्त खर्च शिर्षकको नाम चालु प्रकृतिको भएतापनि सुत्र प्रणालीमा प्रविष्टि गर्ने क्रममा पुँजिगत खर्च शिर्षक नं. छनौट भएकाले र अब उप्रान्त चालु प्रकृतिको खर्च चालु खर्च शिर्षक अन्तरगत नै प्रविष्टी गरी खर्च गर्ने प्रतिवद्धता गर्दै उपरोक्त खर्चबाट सरकारी हानी नोक्सानी समेत नभएको साथै **आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गरिने व्यहोरा अनुरोध गर्दै यस प्रकारको बेरुजु नदोहोरिने प्रतिवद्धता** सहित उक्त बेरुजु नियमित गर्न र फछर्यौटका लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो।

प्रस्ताव नं.-६ : दफा-७५ - प्रदेश नं १, सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्वन्धि निर्देशिका २०७५ को बुँदा नं २१ मा बिजुलि पानी टेलिफोन महशुल मिटर रिडिङ पछि तोकिएको समयमानै भुक्तानी गरि छुट सुविधा लिने तथा जरिवाना नतिर्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष निम्नानुसार विधुत महशुल भुक्तानी गर्दा जरिवाना रु. २९८३७/- भुक्तानी गरेको छ। निर्देशिका को व्यवस्था विपरितको भुक्तानी अनियमित देखिएको रु. २९८३७।०० सम्बन्धमा।

गोभौन	विवरण	जरिवाना रकम	कैफियत
१७५/०७/१५	१ न वडा कार्यालयको विधुत महशुल जरिवाना	३३४८	३ महिनाको
५९४/१२/२९	कचनकवल गाउपालिका र स्वास्थ्य चौकी बनियानीको विधुत महशुल जरिवाना	१७३३३	मंसिर देखि माघसम्मको
५०५/०१/११ र ६२४/०३/२२	४ नं वडा कार्यालय विधुत महशुल जरिवाना	११८३	४ महिनाको
६१३/०३/२०	५ नं वडा कार्यालय विधुत महशुल जरिवाना	६००	१ महिनाको
६१४/०३/२१	स्वास्थ्य चौकी बनियानीको विधुत महशुल जरिवाना	७३७३	फाल्गुनदेखि ज्येष्ठसम्मको
	जम्मा	२९८३७	

निर्णय नं.-६ : स्वास्थ्य चौकी बनियानी लगायत अन्य कार्यालयहरुको विद्युत महसुल भुक्तानी गर्न उक्त शिर्षकमा बजेट अभाव भई भुक्तानी गर्न नसकिएको तर पछी बजेट संशोधन भई प्राप्त भएपछी भुक्तानी भएको एवम् थप जरिवाना वापतको रकम समेत भुक्तानी भएकोले भुक्तानीको क्रममा केही व्यवहारिक त्रुटी मात्र हुन पुगेकोमा आव २०८१।८२ बाट नै उक्त विषयलाई भुक्तानीको क्रममा जरिवाना र हर्जना बापतको रकम भुक्तानी नगरिएकाले यस किसिमका प्रकृयागत त्रुटीलाई उप्रान्त **नदोहोर्याउन प्रतिवद्ध रहने** व्यहोरा दर्शाउँदै **आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गरिने व्यहोरा अनुरोध** सहित उक्त बेरुजु नियमित गर्न र फछर्यौटका लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो।

अर्थ तथा सार्वजनिक लेखा समितिबाट बेरुजु फछर्यौटका लागी दफावार छलफल भई अठारौं गाउँ सभामा पेश भएको बेरुजु

प्रस्ताव नं.-३ : आ. व. ०७९/८० को नियमित गर्नुपर्ने बेरुजु सम्बन्धमा।

निर्णय नं.-३ : महालेखा परीक्षकको आ. व. ०७९/८० मा अनियमित भनी उल्लेख भएको देहाय बमोजिमको नियमित गर्नुपर्ने बेरुजुलाई अर्थ तथा सार्वजनिक लेखा समितिको सिफारिसको आधारमा गाउँ सभाले उक्त समितिको सिफारिसलाई **सभामा समेत दफावार रुपमा छलफल** गरी अध्ययन अवगत भए बमोजिम सामान्य सरकारी प्रक्रिया पुरा नभएको, सामान्य कानुनी प्रावधान पालना हुन नसकेको साथै तत्सम्बन्धमा नेपाल सरकार/प्रदेश सरकार/स्थानीय सरकारलाई समेत कुनै हानी नोक्सानी पुर्याएको नदेखिएको एवम् **आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गर्ने र यस प्रकारको बेरुजु नदोहोरिने प्रतिबद्धता समेत रहेको** हुँदा उक्त अनियमित बेरुजुलाई गाउँ सभाले नियमित गरी बेरुजु फर्छ्यौट गर्ने निर्णय गरियो र उक्त फछर्यौट भएको बेरुजुलाई महालेखा परीक्षकको कार्यालयको बेरुजु लगत अभिलेखबाट कट्टा समेत गरी उक्त बेरुजुहरु हटाई/घटाई महालेखा परीक्षकको कार्यालयलाई सम्परीक्षण गरिदिनु हुन समेत अनुरोध गर्ने निर्णय गरियो।

तपसिल

सि. नं.	दफा नं.	नियमित गर्नुपर्ने बेरुजु रकम
१	२६	२३८५००६।००
२	४५	२६४९८५।००
३	५९	६६७५००।००
४	७४	२५७०६६४।००
५	८०	१६२६४७७।००
६	८२	२५५५६८५।००
७	८३	५०००००।००
८	८६	१९२२६३८।००
९	९४.५.३	४८५००००।००
		१७३४२९५५।००

कचनकवल गाउँपालिका

Kachankawal Rural Municipality

गाउँ कार्यपालिकाको कार्यालय

(Office of the Rural Municipal Executive)

बनियानी, झापा

Baniyani, Jhapa

अर्थ तथा सार्वजनिक लेखा समितिको बैठक

आ. व. : ०८२/८३

बैठक संख्या : ३

मिति : २०८२/१२/५ गते ।

समय : बिहानको ८:०० बजे ।

कचनकवल गाउँपालिकाको अर्थ तथा सार्वजनिक लेखा समितिका अध्यक्ष श्री सन्तोष गणेश ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा बैठक बसी निम्न निर्णयहरु गरियो ।

श्री सन्तोष गणेश	संयोजक	
श्री शोभा सुन्दास	सदस्य	
श्री गणेश भण्डारी	सदस्य	
श्री स्काई पोखेल	प्रमुख प्रशासकीय अधिकृत (आमन्त्रित सदस्य)	
श्री रामबहादुर बुढाथोकी	लेखा अधिकृत (आमन्त्रित सदस्य)	
श्री प्रभाकर आचार्य	लेखापरीक्षण अधिकृत (छैटौं) (आमन्त्रित सदस्य)	

निर्णय

कचनकवल गाउँपालिकाको आ. व. ०७९/८० को अन्तिम लेखापरीक्षणका क्रममा महालेखापरीक्षकको कार्यालयबाट जारी लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित तपसिलका नियमित गर्नुपर्ने बेरुजुहरु नियमित गरी फछ्र्यौट गर्नका लागि कचनकवल गाउँपालिका, गाउँसभामा पेश गर्न सिफारिस गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.-१ : दफा-२६ - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ। तर पालिकाले विभिन्न पदमा ३४ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु. ९७५०५६१/- खर्च लेखेको छ।

त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) बमोजिम पालिकाले सवारी चालक, सवश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमामात्र करार बाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकाले माथि उल्लेखित पद बाहेक दरबन्दी भित्रका अ.स.ई. २, कम्प्यूटर अपरेटर १, सहायक कम्प्युटर १ र कृषि तथा पशु प्राविधिक ४ जना करार सेवा मार्फत पदपूर्ति गरेको छ। त्यस अतिरिक्त पालिकाले कम्प्यूटर अपरेटर १, अमिन १, सहायक चौथो ५ लगायत ७ जना दरबन्दी बाहिरका कर्मचारी करारमा नियुक्ति गरी बर्ष भरीमा निजहरुको तलब भत्ता बापत रु. २३८५००६/- भुक्तानी गरेको छ। यसरी दरबन्दीमा समावेश नभएका तथा करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रु. २३८५००६|०० सम्बन्धमा।

निर्णय नं.-१ : हाल स्थायी पदपूर्तिका लागी लोकसेवा आयोगमा लेखी पठाएको केहि पदहरुको स्थायी पदपुर्ति समेत भएको, केही पदहरुमा सरुवा सहमति दिई सरुवा मार्फत पदपुर्ति गरेको तर हालसम्म पनी कानूनले बर्जित गरेका पदहरुमा सेवा करारमा पदपुर्ति नगरिएको अवस्था रहेकोमा अमिन पदको विषयमा भुमी सम्बन्धी नापजाँच, फिल्ड रेखाङ्कन आदि काम गर्न आवश्यक नै पर्ने र यो पदहरु संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) मा राखिएको र स्वीकृत भएकाले तत्कालको परिस्थितिजन्य विषयलाई मध्यनजर गर्दै उक्त पद स्थायी पदपुर्ति नहुञ्जेलसम्मका लागी मात्र मान्य हुने हुँदा साथै स्थायी कर्मचारीलाई भन्दा गाउँपालिकालाई करारबाट सेवा प्रवाहगर्दा मौद्रिक दृष्टिकोणले फाइदाजनक देखिएकाले उक्त खर्चले सरकारी हानी नोक्सानी समेत नभएको साथै **आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गरिने व्यहोरा अनुरोध गर्दै यस प्रकारको बेरुजु नदोहोरिने प्रतिवद्धता** सहित उक्त बेरुजु नियमित गर्न र फछ्र्यौटका लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो।

प्रस्ताव नं.-२ : दफा-४५ - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा सार्वजनिक निकायले कुनै खरिद कारबाही तयार गर्दा खरिदको आवश्यक्ता पहिचान गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले भौ नं. ३४५ बाट यस वर्ष सभा तथा कार्यपालिका सदस्यलाई वितरण गर्न २५ वटा लेडिज ब्याग तथा ७० वटा अफिस ब्याग विनायक सप्लायर्स मार्फत रु. २२०१५२।- मा खरिद गरी हिंउदे सभामा वितरण गरेको पाइयो। पालिकाले पुनः भौ नं. ४९९ बाट १०० पिस ब्याग नब्या सप्लायर्स एण्ड ट्रेडर्स मार्फत रु. २६४९८५।– मा खरिद गरी जिन्सीमा मौज्दात राखेको छ। पालिकाले वास्तविक माग तथा आवश्यक्ताको आधारमा सामाग्री खरिद गर्नुपर्नेमा आवश्यक्ता बेगर पटक पटक एउटै सामग्री खरिद गरी मौज्दात राखेको नियमसम्मत नदेखिएको रु. २६४९८५|०० सम्बन्धमा।

निर्णय नं.-२ : गाउँ सभाको अवसर पारेर कार्यालयीय कामकाज गर्न तथा जनप्रतिनिधिहरु फिल्ड कार्यमा मुचुल्का गर्न जान ब्याग आवश्यक पर्ने भएको साथै मायाको चिनो जस्ता आत्मियता जोडिने विषय र कर्मचारी-जनप्रतिनिधि बीचको सामञ्जस्यता कायम गर्नका लागि पनि बितरण गरिएको र असारको अन्त्यमा खरिद गरिएकोमा केहीलाई वितरण गरिएको र केहीको बाकी रहेकोमा निकासा फारम मलेपको हुँदाका बखत पेश हुन नसकेकोमा पछि क्रमश व्यवस्थापन गरिएको र सो बखत जिन्सी मौज्दात रहेको देखिएको भएतापनी उपरोक्त ब्यागहरु वितरणको कार्य भईसकेको साथै **आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गरिने व्यहोरा अनुरोध गर्दै यस प्रकारको बेरुजु नदोहोरिने प्रतिवद्धता** सहित उक्त बेरुजु नियमित गर्न र फछ्र्यौटका लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो।

प्रस्ताव नं.-३ : दफा-५९ - सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा मितव्ययिता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समितिलाई तोकिए बमोजिमको कार्यविधि पूरा गरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ। पालिकाको कार्यपालिकाको मिति २०७९।०४।१५ को बैठकले सुरक्षित नागरिक आवास कार्यक्रम संचालनका लागि सम्बन्धित ठेकदारसँग हालसम्म सम्झौता तथा कार्यादेश नभएको र सो ठेक्का वापतको रकम फ्रिज भएको हुँदा निजलाई निरन्तरता नदिने र उक्त आवासहरु निर्माणको लागि उपभोक्ता समिति मार्फत कार्य अघि बढाउने निर्णय गरी सन्थाल बस्ती आवास उपभोक्ता समिति मार्फत २ वटा आवास निर्माण गराई भौचर नं ५९-२०७९।०६।३१ बाट रु.६६७५०० खर्च लेखेको छ। निर्माण व्यवसायीसँग समयमा सम्झौता गरेर कार्य गराउनुपर्नेमा सम्झौता नै नगरी रकम फ्रिज गराई ऐनमा उपभोक्ता समिति मार्फत गर्न सकिने भनि उल्लेख नभएको कार्य उपभोक्ता समिति मार्फत गराएको देखिएकोले नियमसम्मत नदेखिएको रु. ६६७५००|०० सम्बन्धमा।

निर्णय नं.-३ : बजेटको कार्यान्वयन कार्यविधि तोकिएभन्दा ढिलो संघीय सरकारबाट प्राप्त भएको कारणले कार्यान्वयनमा जटिलता देखिएको साथै उक्त कार्यविधिमा उपभोक्ता निर्माण व्यवसायी मार्फत कार्य नभएकोले उक्त ठेक्का तोडी विपन्न वर्गका सन्चालहरुको गास, वास कपासको व्यवस्थापनका लागी उपभोक्ता समितिबाट चाडो निर्माण कार्य गराई आवास निर्माण गरिएको साथै **आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गरिने व्यहोरा अनुरोध गर्दै यस प्रकारको बेरुजु नदोहोरिने प्रतिवद्धता** सहित उक्त बेरुजु नियमित गर्न र फछर्यौटका लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.-४ : **दफा-७४ -** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा रु.१० लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने र रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने, सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटक वा पटक पटक गरी १० लाख भन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष पुँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई नियमावलीमा तोकिएको सीमाभन्दा बढी हुने गरी एउटै आपूर्तिकर्ता मार्फत सोझै खरिद गरेको अनियमित देखिएको रु. ३५७०६६४।०० सम्बन्धमा ।

निर्णय नं.-४ : कार्यालयलाई आवश्यक पर्ने सामाग्रीहरु पटक पटक कार्यालयका लागी खरिद गरिएको र वडा कार्यालयबाट समेत उपरोक्त उल्लेखित आपुर्तिकर्ताहरुबाट नै खरिद भएको पाईएको र सो अवधिमा कुनै पनी किसिमको जिन्सीको सफ्टवेयरहरु प्रयोग नभएको हुंदा सिमा नाघे/ननाघेको सम्बन्धमा यकिन गर्न असहज भएको साथै हाल आएर संघीय सरकार मार्फत तयार भएको PAMS V 2.0 समेत यस कार्यालयबाट प्रयोगमा आईसकेको कारण उपरोक्त सीमा ननाघ्ने एवम् **अब आईन्दा यस किसिम कार्य नहुने प्रतिवद्धता सहित आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गरिने व्यहोरा अनुरोध गर्दै** उक्त बेरुजु नियमित गर्न र फछर्यौटका लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.-५ : **दफा-८० -** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्थानीय तहले विद्यालयहरुसँग समन्वय गरी विद्यालयको आवश्यकता, बजारमा प्याडको उपलब्धता, प्याडको उत्पादन तथा प्रयोग गर्ने मिति, स्थानीय तह तथा विद्यालयहरुमा भण्डारण क्षमता जस्ता पक्षलाई मध्यनजर गरी स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड वितरण गर्न पालिकाले एसल हाईजेनिक प्रडक्टस प्रा.लि. बाट १८०६२ थान स्यानिटरी प्याड रु. १६२६४७७/- (मु अ कर समेत) मा खरिद गरेको छ। यस सम्बन्धी खर्च परिक्षण गर्दा देखिएका व्यहोराहरु देहायअनुसार छन् :

क) माग संकलन- पालिकाले गत विगतको खपतलाई आधार मानी पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरुको संख्या शिक्षा शाखाबाट माग एकिन गरी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा शिक्षा शाखाको माग बेगर वर्षान्तमा खरिद गरी भण्डार शाखामा मौज्दात राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन । तसर्थ पालिकाले सेनिटरी प्याडको सुरक्षित भण्डारण गरी विद्यालयको माग अनुसार निकासा दिने, तोकिएअनुसार वितरण भए नभएको र वितरणको अभिलेख व्यवस्थित राखेनराखेको अनुगमन गर्ने र वर्षान्तमा रहेको मौज्दात यकिन गरी आगामी वर्षकोलागि आवश्यक खुद परिमाण यकिन गरी आवश्यक परिमाणमामात्र खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

ख) गुणस्तर आश्वस्ता- प्याड खरिदको लागि आपूर्तिकर्तासँग भएको सम्झौतामा आपूर्ति हुने स्यानीटरी प्याडको म्याद समाप्त हुने अवधि स्टोर दाखिला हुने समयमा १८ महिना बाँकी रहेको हुनु पर्ने, उत्पादनको म्याद सोभन्दा कम हुने भएमा ७५ प्रतिशत म्याद बाँकी हुनु पर्ने उल्लेख भए तापनि सामान आपूर्तिको समयमा पालिकाले मालसामानको निरीक्षणको नगरेकोले सो बमोजिमको म्याद तथा निर्धारित गुणस्तरको भए नभएको खुल्न आएन। साथै खरिद नियमावलीमा भएको व्यवस्था अनुसार आपूर्ति भएका सामानको निरीक्षण गरी तोकिएको गुणस्तर परिमाण र अवधि बमोजिम भए नभएको सुनिश्चित गरी भण्डार दाखिला गर्नु पर्नेमा खरिद भएको प्याड जिन्सी दाखिला समेत भएको पाइएन। पालिकाले सामग्री खरिद गर्दा खरिद नियमावलीको पालना गर्नुपर्दछ।

ग) खरिद विधि- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा रु.१० लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने र रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले उल्लेखित स्यानिटरी प्याडहरु खरिद मुल्याङ्कन

समितिको निर्णय बेगर तोकिएको सिमा भन्दा बढीको सोझै खरिद गरेको पाइयो । नियमावलीको व्यवस्था विपरित सोझै खरिद गरेको अनियमित भएको रु.

निर्णय नं.-५ : संघीय सरकार मार्फत बजेट प्राप्त भई सामुदायिक विद्यालयहरुलाई वितरण हुने स्यानिटरी प्याड विद्यालयमा स्यानिटरी प्याड वितरण सम्बन्धी कार्यविधिले तोके मापदण्ड अनुसार नै खरिद गरिएको र गुणस्तर समेत सोही बमोजिम नै रहेको देखिएकाले माग फराम बिगतको संख्या र IEMIS को तथ्याङ्क अनुसार केही तलमाथी हुने गरी अनुमान गरी तत्काल सामाग्री खरिद गरिएको र पछि वितरण गर्दाका बखत माग फारम संकलन गरिएको र व्यवस्थित गरिएको र अब उप्रान्त बोलपत्रको माध्यमबाट वा पत्रिकाको विधिबाट सार्वजनिक खरिद नियमावली बमोजिम खरिद गरिने र गुणस्तर समेत मापन गरी खरिद गरिने प्रतिबद्धता व्यक्त गर्दै **आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गरिने व्यहोरा अनुरोध गर्दै** उक्त बेरुजु नियमित गर्न र फछर्यौटका लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.-६ : **दफा-८२** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा १९ को (२) मा सार्वजनिक निकायले गर्नुपर्ने खर्च शीर्षक तोकी सोही बमोजिम खर्च गर्नुपर्ने उल्लेख रहेको छ । साथै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ (क) मा विनियोजन ऐन बमोजिम सेवा तथा कार्यहरुमा खर्च गर्न विभिन्न शिर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सीमा भित्र रही सोही प्रयोजनका लागि खर्च गर्नु पर्ने व्यवस्था गरेकोमा पालिकाले निम्न अनुसार फरक खर्च शीर्षकबाट खर्च गरेको नियमसंगत नदेखिएको रु. २५५५६८५|०० सम्बन्धमा ।

भौ नं.	विनियोजित शिर्षक	खर्च गरेको शिर्षक	खर्च रकम
संघीय शर्शत तर्फ			
२४२-०८०।३।१४	दिवा खाजा कार्यक्रम	शिक्षकको नपुग तलब भत्ता भुक्तानी	१७६७६२
२६८-०८०।३।२१	दिवा खाजा कार्यक्रम	विद्यालय कर्मचारी तथा बाल विकास कर्मचारीको नपुग तलब भत्ता भुक्तानी	२१०६७४
२६८-०८०।३।२१	दिवा खाजा कार्यक्रम	विद्यालय कर्मचारी तथा बाल विकास कर्मचारीको नपुग तलब भत्ता भुक्तानी	१०८२४९
२६८-०८०।३।२१	निशुल्क पाठ्यपुस्तक	विद्यालय कर्मचारी तथा बाल विकास कर्मचारीको नपुग तलब भत्ता भुक्तानी	३२००००
२६८-०८०।३।२१	मा.वि. (९-१० गणित विज्ञान)	विद्यालय कर्मचारी तथा बाल विकास कर्मचारीको नपुग तलब भत्ता भुक्तानी	१७४००००
जम्मा			२५५५६८५

निर्णय नं.-६ : संघीय सरकार मार्फत बजेट प्राप्त भई सामुदायिक विद्यालयहरुलाई वितरण हुने स्यानिटरी प्याड विद्यालयमा स्यानिटरी प्याड वितरण सम्बन्धी कार्यविधिले तोके मापदण्ड अनुसार नै खरिद गरिएको र गुणस्तर समेत सोही बमोजिम नै रहेको देखिएकाले माग फराम बिगतको संख्या र IEMIS को तथ्याङ्क अनुसार केही तलमाथी हुने गरी अनुमान गरी तत्काल सामाग्री खरिद गरिएको र पछि वितरण गर्दाका बखत माग फारम संकलन गरिएको र व्यवस्थित गरिएको र अब उप्रान्त बोलपत्रको माध्यमबाट वा पत्रिकाको विधिबाट सार्वजनिक खरिद नियमावली बमोजिम खरिद गरिने र गुणस्तर समेत मापन गरी खरिद गरिने प्रतिबद्धता व्यक्त गर्दै **आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गरिने व्यहोरा अनुरोध गर्दै** उक्त बेरुजु नियमित गर्न र फछर्यौटका लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.-७ : **दफा-८३** - नेपालको संविधानको अनुसूची ६ मा उच्च शिक्षा सम्बन्धी अधिकार प्रदेश सरकारको हुने उल्लेख छ। साथै स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११(ज) मा आधारभुत तथा माध्यमिक शिक्षा स्थानीय तहको अधिकार हुने उल्लेख छ। पालिकाले यस वर्ष लक्ष्मी क्याम्पस प्रशासनिक खर्च कार्यक्रममा रु.५,००,०००।-बजेट विनियोजन गरी भुक्तानी दिएको देखियो । उच्च शिक्षा सञ्चालन गर्ने संस्थालाई दिने अनुदान व्यवस्थित गर्न पालिकाले कानुन निर्माण गरेको देखिएन साथै उक्त अनुदान उपयोग गर्ने सम्बन्धमा सम्बन्धित क्याम्पससँग कुनै प्रकारको समझौता समेत गरेको देखिएन। अनुदान उपयोग सम्बन्धी कानुनी व्यवस्थाका साथै क्याम्पससँग सम्झौता नगरेको अवस्थामा अनुदान उपयोगको लेखाजोखा तथा अनुगमन समेत गर्न नसकिने भएकोले संवैधानिक अधिकार क्षेत्र, संघीय तथा प्रदेश कानुन र स्थानीय सरकार ऐन समेतका आधारमा कानुनी व्यवस्था गरेर अनुदान दिनुपर्नेमा सो गरेको नदेखिएकोले नियमित गर्नुपर्ने रु. ५०००००|०० सम्बन्धमा ।

निर्णय नं.-७ : पालिका क्षेत्र भित्रका गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई अध्ययन गर्न सहयोग स्वरुप विद्यालयलाई अनुदान दिइएकोमा आव २०८१।८२ बाट उक्त शिर्षकबाट गाउँसभाबाट निर्णय भई प्रति विद्यार्थी यकिन गरी गरिब र जेहेन्दार छुट्याई रजिष्ट्रेसन फारम भरेको प्रमाणको आधारमा निकाशा गर्ने गरिएको र यसलाई उपरान्त कार्यविधि निर्माण गरी मात्र वितरण गर्ने प्रतिबद्धता व्यक्त गर्दै अनुदान आवश्यक कानुनी व्यवस्थाको पालना गरी भुक्तानी गरिने र पालिका क्षेत्र भित्रका गरिब र जेहेन्दार विद्यार्थीहरुको शैक्षिक भविष्य सुनिश्चित गर्न उपरोक्त अनुदान भुक्तानी भएकोले अब उपरान्त कानुनी व्यवस्थाको पालना गरी भुक्तानी गरिने साथै **अब आईन्दा यस किसिम कार्य नहुने प्रतिबद्धता सहित आगामी दिनमा यस**

प्रकारको कार्यमा सुधार गरिने व्यहोरा अनुरोध गर्दै उक्त बेरुजु नियमित गर्न र फछर्यौटका लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.-८ : **दफा-८६ -** गाउँपालिकाले प्राथमिक स्वास्थ्य केन्द्र बनियानीको माग अनुसार भौचर नं ५४८-२०८०।०३।१८ बाट स्वास्थ्य उपकरणहरु खरिद गरी रु. १९२२६३८ खर्च लेखेको छ। यस सम्बन्धमा देखिएका मुख्य व्यहोराहरु देहायबमोजिम रहेका छन् :

- सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले स्वास्थ्य उपकरणहरु खरिद गर्दा लागत अनुमान तयार गरेको देखिएन।
- सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा २ मा खरिद ऐन र खरिद ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। पालिकाले खरिद कार्य गर्दा दुईवटा टुक्रामा विभाजन गरी कोटेशन माग गरी दुई वटा आपूर्तिकर्ता मार्फत सोझै खरिद गरेको देखिन्छ। एउटै प्रकृतिको उपकरण प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गरेको नियमसम्मत देखिएन।
- सार्वजनिक खरिद नियमावलीको नियम १११ मा सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्ने उल्लेख छ। पालिकाले Hematology, Semi Automated Biochemistry Analyzer, Pharmaceutical Refrigerator (ILR) जस्ता स्वास्थ्य उपकरणहरु खरिद गरेकोमा खरिद पछि स्पेसिफिकेशन रुजु गरी प्रमाणित गरेको देखिँदैन।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले औषधिजन्य सामग्री तथा उपकरणहरुको जिन्सी व्यवस्थापनको लागी ELMIS प्रयोगमा ल्याएको छ। पालिकाले खरिद गरेका उपकरणहरु ELMIS मा दाखिला गरी सोही प्रणाली मार्फत प्राथमिक स्वास्थ्य केन्द्र बनियानीलाई हस्तान्तरण गर्नुपर्नेमा ELMIS को प्रयोग गरेको देखिएन। खरिद गरेको सामग्री तथा उपकरणहरु ELMIS प्रणालीमा दाखिला गर्नुपर्दछ र सोही प्रणालीमार्फत हस्तान्तरण गरेको प्रमाण पेश गर्नुपर्ने रु. १९२२६३८।०० सम्बन्धमा।

निर्णय नं.-८ : Hematology, Semi Automated Biochemistry Analyzer, Pharmaceutical Refrigerator (ILR) जस्ता स्वास्थ्य सामाग्रीहरुको आधिकारिक सप्लायर्सहरु मार्फत मात्र खरिद गर्न सकिने प्रावधानन रहेको भएतापनि उक्त बायोकेमिष्ट्रि एनालाइजर र रेफ्रिजेरेटर फरक फरक कम्पनीको नै उत्कृष्ट हुने अवस्था विगतका प्रयोगहरुबाट नै पटक पटक देखिएको कारणले प्रतिस्पर्धा सिमित गर्ने भन्दा पनी गुणस्तरीय सामाग्री ल्याउनप्रति गाउँपालिका प्रतिबद्ध भएको र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (१क) बमोजिम सोझै खरिद गर्न सकिने स्वास्थ्य सामाग्रीको अधिनमा नै रही खरिद गरिएको हुँदा अब उपरान्त दरभाउ पत्र/बोलपत्रको माध्यमबाट खरिद भएको एवम् उक्त खरिदबाट सरकारी हानी नोक्सानी समेत नभएको साथै सबैभन्दा कम मानव विकाश सुचकाङ्क रहेका यस गाउँपालिकाका नागरिकले सहुलियतमा उपचार प्राप्त गर्ने अवस्था सिर्जना समेत भएकाले नागरिकको सहज र सरल स्वास्थ्यमा पहुँचको दृष्टिकोणबाट समेत पहुँचयोग्य भएको साथै **अब आईन्दा यस किसिम कार्य नहुने प्रतिवद्धता सहित आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गरिने व्यहोरा अनुरोध गर्दै** उक्त बेरुजु नियमित गर्न र फछर्यौटका लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो।

प्रस्ताव नं.-९ : **दफा-१४.५.३ - फरक उद्देश्यमा खर्च गरेको-** संघीय सरकारबाट सशर्त प्राप्त रकम तोकिएको प्रयोजनमा मात्र खर्च गर्नु पर्दछ। संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत कचनकवल स्तम्भ तथा झिल व्यवस्थापनको लागि प्राप्त बजेटबाट सो स्थानमा कार्य नगरी फरक क्षेत्रमा सडक निर्माण प्रयोजनमा खर्च गरेको देखियो। कार्यालयसँग छलफलको क्रममा उक्त निर्माण कार्य कचनकवल झिल व्यवस्थापनको विस्तृत प्रतिवेदन भित्रको कार्य हो भनी उल्लेख भएतापनी सोको प्रमाण पेश हुन आएन। तसर्थ संघीय सरकारबाट सशर्त निकासा भएको रकम रु. ४८५००००।- सम्बन्धित मन्त्रालयको सहमति बेगर तोकिएको उद्देश्य भन्दा फरक प्रयोजनमा खर्च गरेको नियमसम्मत नदेखिएको रु. ४८५००००।०० सम्बन्धमा।

निर्णय नं.-९ : कचनकवल स्तम्भ तथा झिल व्यवस्थापन शिर्षकमा बजेट प्राप्त भएकोमा सो स्तम्भ तथा झिल जाने सडक समेत बिग्रिएकोले सो सडक भएर उक्त स्तम्भ तथा झिल जाने र उपरोक्त शिर्षकबाट सडक समेतको व्यवस्थापन हुने भएकोले उक्त निर्माण/मर्मत कार्य गरिएको र उक्त कार्यबाट सरकारी हानी नोक्सानी समेत नभएको साथै **अब आईन्दा यस किसिम कार्य नहुने प्रतिवद्धता सहित आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गरिने व्यहोरा अनुरोध गर्दै** उक्त बेरुजु नियमित गर्न र फछर्यौटका लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो।

अर्थ तथा सार्वजनिक लेखा समितिबाट बेरुजु फछ्र्योटका लागी दफावार छलफल भई अठारौं गाउँ सभामा पेश भएको बेरुजु

प्रस्ताव नं.-४ : आ. व. ०८०/८१ को नियमित गर्नुपर्ने बेरुजु सम्बन्धमा ।

निर्णय नं.-४ : महालेखा परीक्षकको आ. व. ०८०/८१ मा अनियमित भनी उल्लेख भएको देहाय बमोजिमको नियमित गर्नुपर्ने बेरुजुलाई अर्थ तथा सार्वजनिक लेखा समितिको सिफारिसको आधारमा गाउँ सभाले उक्त समितिको सिफारिसलाई **सभामा समेत दफावार रुपमा छलफल** गरी अध्ययन अवगत भए बमोजिम सामान्य सरकारी प्रक्रिया पुरा नभएको, सामान्य कानुनी प्रावधान पालना हुन नसकेको साथै तत्सम्बन्धमा नेपाल सरकार/प्रदेश सरकार/स्थानीय सरकारलाई समेत कुनै हानी नोक्सानी पुर्याएको नदेखिएको एवम् **आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गर्ने र यस प्रकारको बेरुजु नदोहोरिने प्रतिवद्धता समेत रहेको** हुँदा उक्त अनियमित बेरुजुलाई गाउँ सभाले नियमित गरी बेरुजु फर्छयौट गर्ने निर्णय गरियो र उक्त फछ्र्यौट भएको बेरुजुलाई महालेखा परीक्षकको कार्यालयको बेरुजु लगत अभिलेखबाट कट्टा समेत गरी उक्त बेरुजुहरु हटाई/घटाई महालेखा परीक्षकको कार्यालयलाई सम्परीक्षण गरिदिनु हुन समेत अनुरोध गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

सि. नं.	दफा नं.	नियमित गर्नुपर्ने बेरुजु रकम
१	५६.४	४६९७६९।००
२	७७	६९१०१८।००
३	९१	४०७८८१।७८
४	११३	२०००००।००
५	१५३	४४८४००।००
६	१६०	३९५५००।००
		२६२०५६८/७८

कचनकवल गाउँपालिका

Kachankawal Rural Municipality

गाउँ कार्यपालिकाको कार्यालय

(Office of the Rural Municipal Executive)

बनियानी, झापा

Baniyani, Jhapa

अर्थ तथा सार्वजनिक लेखा समितिको बैठक

आ. व. : ०८२/८३ | मिति :२०८२/१२/६ गते।

बैठक संख्या : ४ | समय : बिहानको ८:०० बजे।

कचनकवल गाउंपालिकाको अर्थ तथा सार्वजनिक लेखा समितिका अध्यक्ष श्री सन्तोष गणेश ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा बैठक बसी निम्न निर्णयहरु गरियो।

श्री सन्तोष गणेश	संयोजक	
श्री शोभा सुन्दास	सदस्य	
श्री गणेश भण्डारी	सदस्य	
श्री स्काई पोखेल	प्रमुख प्रशासकीय अधिकृत (आमन्त्रित सदस्य)	
श्री रामबहादुर बुढाथोकी	लेखा अधिकृत (आमन्त्रित सदस्य)	
श्री प्रभाकर आचार्य	लेखापरीक्षण अधिकृत (छैटौं) (आमन्त्रित सदस्य)	

निर्णय

कचनकवल गाउँपालिकाको आ. व. ०८०/८१ को अन्तिम लेखापरीक्षणका क्रममा महालेखापरीक्षकको कार्यालयबाट जारी लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित तपसिलका नियमित गर्नुपर्ने बेरुजुहरु नियमित गरी फछर्यौट गर्नका लागी कचनकवल गाउँपालिका, गाउँसभामा पेश गर्न सिफारिस गर्ने निर्णय गरियो।

प्रस्ताव नं.-१ : **दफा-५६.४ - भेरिएसन वेगर भुक्तानी:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) ले खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्न सक्ने, नियमावलीको नियम ११८ ले यसरी आदेश जारी गर्दा आवश्यक पर्ने बिवरणमा भेरिएसन परिमाणको प्राविधिक पुष्ट्याई र कारण सार्वजनिक निकायको प्रमुखवाट प्रमाणित भएको हुनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष १५ शैया अस्पताल भवनको पाँची रनिङ्ग विल सम्म कुल रु.३,७४,८४,४९४।०० भुक्तानी गर्दा देहाय बमोजिमका आइटममा बिओक्युको परिमाण भन्दा वढि नापी गरी भुक्तानी गरेको देखिन्छ । उक्त भुक्तानी गर्दा पालिकाले खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था वमोजिम भेरिएसन आदेश जारी नगरी अन्तिम मुल्याङ्कनमा थप भएको परिमाण प्राविधिक मूल्याङ्कनमा समावेश गरी भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु. ४६९७६९।०० सम्बन्धमा ।

ITEM NO	DISCRIPTION	UNIT	BOQ QTY	RATE	PAID QTY	OVER QTY	AMOUNT
2.1.7	Local chimney Brickwork in 1:4 cement sand mortar in super -structure with 1 st class bricks	Cum	146.82	12000	153.99	7.17	86040
2.2.1.2	12.5 mm plaster 1:4 cement & sand in ceiling with proper mixing , wetting & racking the surface with better finishing	Sqm	1850.91	250	2,633.13	782.2	195555
2.2.2.4	Porcelian glazed tile on toilet , bath & other rooms' wall with cemenent sand mortar 1:3 of approved colour as per	Sqm	1105.85	1000	1,239.98	134.1	134130
						Total	415725
						vat	54044.25
						Grand total	469769.3

निर्णय नं.-१ : भेरिएसन आदेश स्वीकृत नभएतापनी कुल एकमुष्ठ रकममा नबढ्ने साथै केही आइटममा उक्त कार्य नभएमा भवन निर्माणको कार्य समेत सम्पन्न गर्न नसकिने अवस्था रहेको एवम् उक्त कार्यबाट सरकारी हानी नोक्सानी समेत नभएको साथै **आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गरिने व्यहोरा अनुरोध गर्दै यस प्रकारको बेरुजु नदोहोरिने प्रतिवद्धता** सहित उक्त बेरुजु नियमित गर्न र फछर्यौटका लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.-२ : **दफा-७७** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४१ मा अधिकार प्राप्त अधिकारीले उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानि नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको यकिन गरी खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले व्यामशाला व्यवस्थापन तथा सामग्री खरिदमा रु. ६,९९,०१८.०० खर्च लेखेको छ । व्यामशालाको स्वामित्व तथा सञ्चालन सम्बन्धमा यकिन गर्न सकिएन । पालिकाले सञ्चालन तथा सोको मर्मत संभारको उचित मापदण्ड तथा कार्यविधि तयार नगरी खर्च गरेको रु. ६९९०१८।०० सम्बन्धमा ।

निर्णय नं.-२ : उक्त व्यामशालाको पुर्ण स्वामित्व गाउँपालिकाको रहेको र संचालन समेत गाउँपालिका मार्फत नै भइरहेकोले साथै बजार दरेटमा भन्दा अत्यन्त न्युन मुल्यमा उक्त सामाग्रीहरुको व्यवस्थापन गरिएको हुँदा स्थलगत अनुगमन गर्ने समेत सिफारिस गर्दै **आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गरिने व्यहोरा अनुरोध गर्दै यस प्रकारको बेरुजु नदोहोरिने प्रतिवद्धता** सहित उक्त बेरुजु नियमित गर्न र फछर्यौटका लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.-३ : **दफा-९१** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) मा सार्वजनिक निकायले उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा निर्माण कार्य वा सेवाको प्रकृति, परिमाण, लागत अनुमान, उपभोक्ता समितिले व्यहोर्नुपर्ने रकम, कार्य सम्पन्न गर्नुपर्ने अवधि लगायतका कुराहरु उल्लेख गरी सम्झौता गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडा नं ४ पग्लिभिड्डा देउनिया खोलामा पुन निर्माण उ स लाई गो भौ नं २६।२२०८०।८।११ बाट रु.५,४२,५००।०० भुक्तानी दिएको पाइयो। उक्त निर्माण कार्यको लागत अनुमान तयार गर्दा बिओक्युको आइटम नं २ मा Ordinary soil filling कार्यको लागत अनुमान स्वीकृत भएकोमा निर्माण कार्य गराउँदा आइटमको सट्टा १४२२.४२ घन मिटर Construction of Embankment using suitable materials by mechanical means कार्य गराई प्रति घन मिटर रु.२६६.७५ को दरले रु.४,०७,८८१.७८ भुक्तानी दिएको पाइयो। यसरी शुरु लागत अनुमानमा समावेश आइटम आवश्यक नपर्ने भएमा वा परिमाण संशोधन गर्नुपर्ने भएका संशोधित लागत अनुमान स्वीकृत गरी सोही बमोजिम निर्माण कार्य गराउनुपर्नेमा लागत अनुमान संशोधन नगरी बिओक्युमा समावेश आइटमभन्दा फरक आइटमको कार्य गराई भुक्तानी दिएको पाइएकोले यस किसिमको भुक्तानी नियमसम्मत नदेखिएको रु. ४०७८८१।७८ सम्बन्धमा ।

निर्णय नं.-३ : पुल निर्माणको लागत अनुमान तयार गर्ने क्रममा उक्त Construction of Embankment using suitable materials by mechanical means को कार्य छुट हुन गएको तर Ordinary soil filling को कार्य आवश्यक नभएकोले तत्कालको बस्तुस्थितिलाई मध्यनजर गरी Embankment को कार्य गराइएको हुँदा उक्त कार्यबाट सरकारी हानी नोक्सानी समेत नभएको साथै **आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गरिने व्यहोरा अनुरोध गर्दै यस प्रकारको बेरुजु नदोहोरिने प्रतिवद्धता** सहित उक्त बेरुजु नियमित गर्न र फछर्यौटका लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.-४ : **दफा-११३** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५०(४) मा आर्थिक वर्षको अन्त्यमा बजेट फ्रिज हुन नदिने उद्देश्यले कसैलाई पेश्की दिन तथा त्यस्तो रकम अन्य कोषमा जम्मा गर्न हुँदैन भन्ने व्यवस्था छ। पालिकाले सहकारी प्रवर्द्धन अन्तर्गतको कार्यक्रम सञ्चालनको लागि गौरव रिजाललाई गो.भौ.नं ७५७।२०८१।३।२१ बाट रु.२,००,०००|०० पेश्की भुक्तानी गरेको पाइयो। एक आर्थिक वर्षको लागि विनियोजन भएको बजेट सोही आर्थिक वर्षमा खर्च गर्नु पर्नेमा पेश्की प्रयोजनको लागि पेश भएको प्रस्तावनामा २०८१।४।३ देखि २०८१।४।७ सम्म सहकारी प्रवर्द्धन सम्बन्धी तालिम सञ्चालनको प्रस्ताव पेश भएको पाइयो। यसरी कार्यक्रमको लागि बजेट विनियोजन गरी समयमा नै कार्यक्रम सञ्चालन नगर्ने तथा आर्थिक वर्षको अन्त्यमा बजेट फ्रिज हुन नदिने उद्देश्यले अर्को वर्ष सञ्चालन गरिने कार्यक्रमको लागि अघिल्लो वर्ष विनियोजन भएको रकमबाट पेश्की भुक्तानी गरेको नियमसम्त नदेखिएको रु. २०००००|०० सम्बन्धमा ।

निर्णय नं.-४ : यस बेरुजुको सन्दर्भमा, सहकारी क्षेत्रमा सहयोग गर्ने एवम् सहकारी प्रवर्द्धन एवम् पालिकामा सहकारी क्षेत्र मार्फत विकास एवम् राजश्व संकलन समेत टेवा पुग्ने उद्देश्य सहित आषाढ महिना पेश्की रकम उपलब्ध गराईएको र उक्त खर्चबाट सहकारी संस्थाको प्रवर्द्धनगर्ने कार्य भएकाले यसले नेपालको तीन खम्बे आर्थिक नीतिको मानकको रूपमा एक खम्बाको रूपमा सहकारी संस्थाले उचित टेवा पुर्याउने विश्वाश राख्दै देशभरको सहकारीको समस्यामा एक सुधार गर्ने समेत आशा राख्दै यस बजेटमार्फत सरकारी हानी नोक्सानी समेत नभएको हुँदा र कार्यक्रमको उद्देश्यपरक भुमिका निर्वाह गरेको ठहर गर्दै उक्त बेरुजु फछर्यौटका आवश्यक कागजात यसै साथ संलग्न गरी पेश गरिएको हुँदा उक्त बेरुजु नियमित गर्न र फछर्यौटका लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.-५ : **दफा-१५२** - ४३,२०८०।०६।३० महिला सामुदायिक स्वास्थ्य स्वयमसेविका कार्यक्रम रणनिति,२०६७ को दफा २.३.५(ख) मा स्थानीय तहले सामान्यतया तराईमा १०००, पहाडमा ६०० र हिमालमा १५० जनसंख्याको लागि १ जना रहने गरी महिला सामुदायिक स्वास्थ्य स्वयमसेविका छनौट गर्न सक्ने व्यवस्था रहेको छ । यस बाहेक स्थानीय तहको भौगोलिक अवस्था, स्थानीय आवश्यकता र आफ्नो क्षमताको आधारमा महिला सामुदायिक स्वास्थ्य स्वयमसेविका संख्या थप गर्न सक्ने र यसरी थप गरीएको महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाको आर्थिक भार आफैले व्यवस्था गर्नुपर्ने व्यवस्था रहेको छ । राष्ट्रिय जनगणना २०७८ बमोजिम यस पालिकामा ४१३१७ जनसंख्या रहेको छ । जसको लागि तराई जिल्लामा १००० जनसंख्याको लागि १ महिला सामुदायिक स्वास्थ्य स्वयमसेविका अनुसार करिब ४२ जना महिला सामुदायिक स्वास्थ्य स्वयमसेविका नियुक्ति गरी सोहि बमोजिम सेवा सुविधा भुक्तानी गर्नुपर्नेमा यस पालिकामा ६१ जना महिला सामुदायिक स्वास्थ्य स्वयमसेविका रहेकोले तोकिए भन्दा १९ जना बढी महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकालाई भुक्तानी गरेका देहाय बमोजिमका सुविधा वापतको रकम नियमसम्मत नदेखिएको रु. ४४८४००|०० सम्बन्धमा ।

सि.न.	सेवा/सुविधा शिर्षक	बढी संख्या	भुक्तानी दर रु.	जम्मा भुक्तानी रकम रु.
१	पोशाक भत्ता	१९	१००००	१९००००|००
२	यातायात	१९	१२०००	२२८०००|००
३	यातायात(भिटामिन ए वापत ४ पटकको ४,४०० को दरले)	१९	१६००	३०४००|००
	जम्मा रु.			४४८४००.

निर्णय नं.-५ : कचनकवल गाउँपालिका विभिन्न ६ वटा गाविसहरु एकीकृत गरी कचनकवल गाउँपालिका बनाईएको र सोही समय देखी नै महिला स्वास्थ्य स्वयंसेविकाहरुको संख्या बढी भएको हुँदा महिला स्वास्थ्य स्वयमसेविकाहरुले **Nearest government to the people** को रूपमा स्वास्थ्यका नीति तथा कार्यक्रमलाई जनतामाझ पुर्याउने र **Preventive, promotive health care** लाई प्रभावकारीता तथा मुर्त रूप दिनका लागि दिन रात नभनी खट्ने यस किसिमका सेवाकर्मीलाई प्रोत्साहन गर्नका निम्ति यस कार्यक्रमलाई सेवा सुविधा थप गरिएको र यसलाई नीतिगत मापदण्ड भित्र ढाल्न वार्षिक नीति तथा कार्यक्रममा समेग समावेस गरिएको र केही महिला स्वास्थ्य स्वयंसेविकाहरु अवकाश समेत भएको र उक्त स्थानमा जनशक्ति थप नगरिएको मापदण्डमा तोकिए बमोजिम मात्र महिला स्वास्थ्य स्वयंसेविकाहरु राख्ने गरी प्रस्ताव समेत भईसकेको साथै **आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गरिने व्यहोरा अनुरोध गर्दै यस**

प्रकारको बेरुजु नदोहोरिने प्रतिवद्धता सहित उक्त बेरुजु नियमित गर्ने र फछर्यौटका लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.-६ : **दफा-१६० - ११,२०८१।०३।२२** चिलिङ्ग भ्याट स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को दफा १० बमोजिम चिलिङ्ग भ्याट स्थापना कार्यक्रममा सहभागी हुन चाहने आवेदकले कम्तिमा दैनिक ५०० लिटर क्षमताको चिलिङ्ग भ्याटको लागि ३०० लिटर, १००० लिटर क्षमताको भ्याटको लागि ७०० लिटर र २००० लिटर भ्याटको लागि १५०० लिटर दूधको संकलन र बिक्रि वितरण गरिरहेको हुनुपर्ने शर्त रहेको छ। पालिकाले यस वर्ष दुध चिस्यान कार्यक्रम अन्तर्गत मन्जुए दुध चिस्यान केन्द्रलाई १ वटा जेनेरेटर,१००० लिटरको चिलिङ्ग भ्याट,मिल्क एनालाइजर लगाएत सामाग्रि खरिद वापत रु.७००००० ,०० नगद अनुदान दिइको छ। मन्जुरा दुध चिस्यान केन्द्रले १००० लिटरको चिलिङ्ग भ्याट रु. ३९५५००.०० (भ्याट सहित) मा खरिद गरेको छ। उक्त चिलिङ्ग भ्याट खरिद गर्नको लागि मन्जुरा दुध चिस्यान केन्द्रले न्यूनतम दैनिक ७०० लिटर दुध संकलन तथा बिक्री वितरण गर्नुपर्ने हुनछ। तर उक्त केन्द्रले पेश गरेको आय विवरण बमोजिम गत वर्ष-२०७९/०८० मा बिक्रि आय रु.३०,००,०००.०० मात्र रहेको विवरण पेश गरेको छ। उक्त बिक्रिलाई प्रति लिटर रु.५० को दरले हिसाब गर्दा दैनिक करिब १६५ लिटर मात्र दुध बिक्रि गरेको देखिन्छ। यसबाट उक्त केन्द्र १००० लिटरको चिलिङ्ग भ्याट स्थापना गर्नको लागि योग्य नभएको देखिन्छ। तसर्थ पालिकाले उक्त केन्द्रलाई नगद अनुदान दिएको रकम नियमसम्मत नदेखिएको रु. ३९५५००।०० सम्बन्धमा ।

निर्णय नं.-६ : निज फर्मले पेश गरेको विक्रीमा ३० लाख देखिएको भएतापनी निजले पेश गरेको लेखापरीक्षण प्रतिवेदनको वासलात बढी देखिएकोले साथै निजले विक्री गर्ने दुध गाउँ क्षेत्रको रहेकोले कम मुल्यमा विक्री गर्ने भएकोले कम देखिएको साथै उक्त चिस्यान केन्द्रले ग्रामिण क्षेत्रका कृषकहरुको दुध खरिद गरी बजार क्षेत्रको रुपमा कार्य गरेको हुँदा संघीय मापदण्डले नीतिगत **Bird eye view** मात्र गर्ने हुँदा भूगोल विशेषको आवश्यक्ता अनुसार केही कमि देखिने समेत हुने हुदा उक्त मापदण्डहरुलाई सकभर स्थानीय हावापानी र माटोसँग तादत्म्यता मिल्ने किसिमको निर्माण गर्दै ग्रामिण अर्थतन्त्र **Rural Economy Upliftment** को अभिन्न हिस्सा बन्नका लागि अभिप्रेरित गर्नका निम्ति नीति निर्माणमा स्थानीय सहभागिता समेत सुनिश्चितता गर्न सल्लाह दिँदै यस कार्यक्रमले उद्देश्य पुरा गरेको ठम्याउँदै सरकारी हानी नोक्सानी भएको समेत नदेखिएको साथै **आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गरिने व्यहोरा अनुरोध गर्दै यस प्रकारको बेरुजु नदोहोरिने प्रतिवद्धता** सहित उक्त बेरुजु नियमित गर्ने र फछर्यौटका लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।